# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) माकादुम, रामेछाप, माघ १० गते, २०७६ साल (संख्या १६

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**<u>युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६</u>**

खाँडादेवी गाउँपालिका

**प्रस्तावनाः**

युवा लक्षित व्यवसायिक गाई, भैसी, बाख्रा प्रवर्द्धन कार्यक्रमको लक्ष्य रहेको हुँदा उक्त युवा लक्षित व्यवसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गरेर ग्रामिण क्षेत्रको वैदेशिक रोजगारी माथिको बढ्दो निर्भरता कम गर्न र व्वसायिक पशुपालनको माध्यमबाट स्वरोजगार सिर्जना गरी युवा जनशक्तिको विदेश पलायनलाई निरुत्साहित गर्न तथा दूध र मासु उत्पादनमा आत्मानिर्भर हुन खाँडादेवी गाउँपालिकाबाट "युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" तयार गरी लागु गरिएको छ।

**परिच्छेद १**

१. **संक्षप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "**युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्यन कार्यविधि, २०७६**" रहनेछ।

ख) यो कार्यविधि खाँडादेवी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) **"गाउँपालिका"** भन्नाले खाँडादेवी गाउँपालिका भन्ने बुझ्नु पर्दछ।

ख) **"शाखा"** भन्नाले खाँडादेवी गाउँपालिकाको पशु सेवा शाखा भन्ने बुझ्नु पर्दछ।

ग) **"पशु"** भन्नाले आयाआर्जनका लागि पालिने गाँई, भैसी, बाख्रा, बंगुर आदिलाई बुझ्नुपर्छ।

घ) **"युवा लक्षित कार्यक्रम"** भन्नाले युवाहरुलाइ कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा व्यवसायिक पशु उत्पादन गाई, भैसी, बंगुर, बाख्रा आदि प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नुपर्दछ।

खाँडादेवी गाउँपालिका

ङ) " **युवा**" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहिने १८ देखि ४० वर्ष सम्मको नेपाली नागरिक भन्ने बुझ्नुपर्दछ।

**३. कार्यक्रमको उद्देश्यः**

यस युवा लक्षित कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछन्

क) गाई, भैसी, बाख्रा, बंगुर आदि सम्बन्धी व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने।

ख) व्यवसायिक पशुपालन प्रविधिहरु कृषकस्तरमा अनुसरण गराउने।

ग) स्वदेशमा स्वरोजगारका अवसर सिर्जना गरि रोजगारीको लागि युवा विदेशिने क्रमको न्युनिकरण गर्न सहयोग पय्याउने।

घ) गाई, भैसी, बाख्रा, बंगुर आदि व्यवसायिकरण दूध र मासु उत्पादन तथा व्यवसायिक पद्धतिको अवलम्बन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि र आयात प्रतिस्थापन टेवा पुय्याउने।

ङ) युवाहरुलाई आयार्जनमा टेवा पुय्याउने कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुय्याउने

च) यस गाउँपालिकालाई पशुपन्छीजन्य उत्पादनमा आत्मानिर्भर बनाउने।

## परिच्छेद २

## युवा लक्षित विशेष पशुउत्पादनमा कार्यक्रम

**४. कार्यक्रम संचालन हुने क्षेत्रहरुः**

१) यस कार्यक्रमको छनौट र सञ्चालन कार्यालयले कार्यविधि अनुसार गर्नुपर्नेछ।

२) कार्यक्रम सञ्चालन गाउँपालिकाको नौ(९) वडाहरुमा हुनेछ।

५. लक्षित वर्गः सकृय मानव संसाधनको रुपमा रहेको १८ देखि ४० वर्ष उमेरका पशुपालनमा संलग्न वा सो व्यवसाय शुरु गर्न चाहने स्थानिय

तह वा नेपाल सरकारमा नियामाअनुसार दर्ता भएका निजि फार्म/समूह/समिति सहकारीमा आवद्ध कृषकहरु यस कार्यक्रमको प्राथमिकतामा पर्नेछन।

६. व्यवसायिक पशुपालन फार्मः यस कार्यक्रम अन्तर्गत देहायअनुसारका पशुपालन फार्म रहनेछन्

क) गाई, भैसी फार्म कार्यक्रम प्रयोजनको लागि न्युन्तम ५ वटा माउ गाई, भैसी पालन गरिरहेको वा सो संख्यामा गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई साना व्यवसायिक गाई वा भैसी फार्म मानिने छ

ख) बाख्रा फार्म कार्यक्रम प्रयोजनका लागि न्युनतम १० वटा प्रजननयोग्य माउ बाख्रापालन गरिरहेको वा सो संख्यामा बाख्रापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई व्यवसायिक बाख्रा फार्म मानिने छ।

ग) बंगुर फार्म कार्यक्रमको प्रयोजनका लागि न्युनतम ५ वटा प्रजनन् (भुनी माउ) बंगुरपालन गरिरहेको वा सो संख्यामा बंगुरपालन गरी व्यवसाय शुरु फार्म मानिने छ।

७. कार्यक्रमबाट उपलब्ध गराईने अनुदान रकमः पशुपन्छी तर्फ युवा लक्षित व्यवसायिक गाई, भैसी, बाख्रा, बंगुर प्रवर्द्धन खर्च शिर्षक भएअनुसार हुनेछ।

क) यस कार्याक्रमबाट उपलब्ध हुने अनुदान सहयोग लागत साझेदारीमा(५०:५० अनुपात) सहयोग अनुदान रकम प्रतिफलको आधारमा उपलब्ध हुनेछ।

ख) गाई, भैसी, बाख्रा, बंगुर फार्म स्थापना वा सुदृढिकरणका लागि गाई, भैसी, बाख्रा, बंगुर पालन गर्न बढिमा अनुदान रकम पचास प्रतिशत वा प्रति स्कीम बढिमा रु.२ लाख(दुई लाख मात्र) र कृषक स्वयंले अनुदानको पचास प्रतिशतले लगानी गरी कार्ययोजना पेश गर्नुपर्नेछ।

खाँडादेवी गाउँपालिका

**८.** अनुदान यस कार्यक्रमबाट उपलब्ध हुने रकम व्यवसायीहरु उन्नत नस्लका पशु खरिद रकम उपयोग तथा सम्बन्धित पशुको गोठ वा खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग टयाङ्क क्रियाकलापहरु उपयोग गर्न सक्नेछन् तर यो रकमबाट पशुको दाना, औषधि, खनिजपदार्थ लगाएतका खपत साम्रागीहरु खरिद गर्न पाईने छैन।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन

९. छनौट समितिः खाँडादेवी गाउँपालिकामा गठन गरिएको कृषि विकास समिति वा आर्थिक विकास समिति द्धारा छौनोट कार्य सम्पन्न गरिन्छ।

१०. छनौट समितिको काम, कर्तव्य र अधिकारः छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने

ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनकको चरण लैजाने

११. युवा लक्षित व्यवसायिक प्रवद्धन कार्यक्रमक सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ

क) प्रस्ताव आव्हानः व्यवसायिक गाई, भैसी, बाख्रा बंगुर फार्म स्थापना वा सृदृढिकरणका लागि कार्यक्रम शाखामा प्रस्ताव आव्हान गरिनेछ। प्रस्ताव आव्हानको सुचना अनुसुची-१ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसुची -३ वा ३(क) वा ३ (ख)

ख) प्रस्ताव मुल्याङ्कन तथा छनौटः खण्ड (क) को आवहान बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई खण्ड (ग) अनुसारको गठन हुने मुल्याङ्कन

खाँडादेवी गाउँपालिका

तथा कृषि विकास समितिले अनुसुचि -५ वा ५(क) वा ५(ख) अनुसार मुल्याङ्कन फिल्ड प्रामाणिकरण गर्नेछ।

१२. छनौट भएका व्यवसायी संग सम्झौताः शाखाद्धारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसुचि ४ बमोजिमको दिपक्षिय सम्झौता गराईने छ।

१३. छनौट भएका प्रस्तावकको सम्झौता गर्ने दायित्वः छनौट समितिकमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्न लागि अनुसूचि -४ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित शाखाको हुनेछ।

१४. छनौट भएका व्यवसायीलाई रकम उपलब्ध गराउने तरिकाः एकै किस्ता कार्ययोजना अनुसार सम्पन्न भएपछि र स्थलगत प्राविधिक अनुगमन पश्चात कार्यसम्पन्न भएको सिफारिस सम्बन्धित निकायबाट प्राप्त भएपछि अनुदानग्राही वा फार्मको खातामा अनुदान रकम उपलब्ध गराईने छ।

## परिच्छेद ५

## विविध

**१५. अनुगमन तथा मुल्याङ्कन**

१) संचालित कार्यक्रमको अनुगमन, मुल्याँङ्कन गाउँपालिका, वडा कार्यालय, पशु विकास शाखाले गर्न सक्नेछ।

१६. निर्देशन दिन सक्ने कार्यक्रम सम्बन्धमा खाँडादेवी गाउँपालिकाले , पशु सेवा शाखाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ

१७. **विमाः** पशुपालन फार्महरुले हरेक युवा लक्षित अन्तर्गत अनिवार्य विमा गराउनु पर्नेछ।

१८. **कार्वाहीको व्यवस्थाः** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई

खाँडादेवी गाउँपालिका

दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ।

१९. **प्रचलित कानुन लागु हुनेः** युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको सम्बन्धमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

२०. **कार्यविधि संशोधन तथा परिमार्जनः** स्थानिय सरकार, खाँडादेवी गाउँपालिका गाउँकार्यपालिकाबाट यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सकिनेछ।

खाँडादेवी गाउँपालिका

## अनुसूची-१

## अनुदानको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मितिः..../../.. गते

यस खाडाँदेवी गाउँपालिका को आ.व. ../... को वार्षिक स्वीकृत युवा लक्षित कार्यक्रम अनुसार युवाहरुलाई सहकार्यमा पशुपन्छी पालनको माध्यमबाट स्वरोजगार प्रबर्द्धन गर्ने हुदाँ नयाँ फार्म स्थापना/भईरहेको फार्म सुदृढिकरणका लागि यस गाउँपालिका वसोबास गरेको ईच्छुक १८ देखि ४० वर्ष उमेरको युवायुवतीबाट निम्न अनुसार हुने गरी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन।

१) उन्नत नस्लका पशु खरिद तथा सम्बन्धित पशुको गोठ,खोर, निर्माण वा सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ्ग टयाङ्ग आवश्यक उपकरण/सामग्री खरिद ढुवानिमा उपयोग गर्न सक्नेछ।

२) प्रस्तावकले कम्तिमा अनुदान रकमको पचास प्रतिशत स्वयं लगानी गर्ने गरी कार्य योजना पेश गर्नुपर्नेछ।

३) कुनै पनि सरकारी निकायबाट विगत दुई वर्ष भित्र रु. ५०,०००|०० (पच्चास हजार) माथि वस्तुगत तथा नगद अनुदान प्राप्त गरी कार्य सन्तोषजनक नभएको फार्म छनौट प्रक्रियामा समावेश गरिने छैन।

४) आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

### तपशिल

१) अनुसूची २ बमोजिम तोकियको ढाँचा अनुसारको निवेदन फाराम,

२) अनुसूची ३(क) वा ३ (ख)वा ३ (ग) बमोजिम तोकिएको ढाँचा अनुसारको संक्षिप्त कार्ययोजना,

३) नेपाली नागरिकताको प्रतिलिपी,

खाँडादेवी गाउँपालिका

४) कृषक समुह/समिति/सहकारी/फार्म दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,

५) घाँस विकासका लागि भाडामा जग्गा लिएको भए सम्झौताको प्रतिलिपि,

६) व्यवसाय संचालन गर्नको लागि सम्बन्धित वडाको सिफारिस पत्र,

७) लिजमा लिएको जग्गाको हकमा ५ वर्षको कारारनामा सहित द्धिपक्षीय सम्झौता,

प्रमुख प्रशासकीय अधिकृत

खाँडादेवी गाउँपालिका

अनुसूची-२

## युवा लक्षित कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

मितिः

श्रीमान् शाखा प्रमुख ज्यु,
पशुपन्छी सेवा शाखा
माकादुम, रामेछाप

**विषयः युवा लक्षित अनुदान कार्यक्रम उपलब्ध गराई दिने बारे।**

महोदय,

उपरोक्त विषयमा यस शाखाको मिति ..../../.. गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम युवा लक्षित कार्यक्रममा सहभागी हुने चाहाना भएकोले तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखि निवेदन पेश गर्दछु। अनुदान सहयोग प्राप्त भएमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु।

<u>तपशिल</u>

१. अनुसूची २ बमोजिम तोकियको ढाँचा अनुसारको निवेदन फाराम
२. २.अनुसूची ३(क) वा ३ (ख)वा ३ (ग) बमोजिम तोकिएको ढाँचा अनुसारको संक्षिप्त कार्ययोजना,
३. नेपाली नागरिकताको प्रतिलिपी,
४. कृषक समुह/समिति/सहकारी/फार्म दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,

५. घाँस विकासका लागि भाडामा जग्गा लिएको भए सम्झौताको प्रतिलिपि,
६. व्यवसाय संचालन गर्नको लागि सम्बन्धित वडाको सिफारिस पत्र,
७. लिजमा लिएको जग्गाको हकमा ५ वर्षको कारारनामा सहित द्विपक्षीय सम्झौता,

निवेदको नामः
दस्तखतः
फार्मको नामः
ठेगानाः
सस्थाको छापः

खाँडादेवी गाउँपालिका

## अनुसूची-३(क)

## युवा लक्षित कार्यक्रम अवधारणाको संक्षिप्त व्यवसायिक कार्ययोजना

### युवा लक्षित व्यवसायिक गाई,भैसी पालन कार्यक्रम

फार्मको नामः

ठेगानाः वडा नः गाउँ/टोलः

गाई/भैसी पालन गरिने स्थानः

युवा/साझेदारी व्यवसायिक गाई, भैसी पालनमा संचालन गरिने कार्य विवरणः

| क.स | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग(रु) | निजि लगानि (रु.) | जम्मा लगानि(रु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

युवा/पशु उत्पादन व्यावसायीक कार्य गर्ने व्यावसायीले अनुदान रकम स्वयं व्यहोर्ने गरि प्रस्तावित योजनामा समावेस गर्नुपर्ने छ।

गाई,भैसी पालन गरेको भए, विगत कति वर्ष देखि गाई, भैसीपालन निरन्तर गरिरहेको ? वर्ष............... महिना.........................

गाई वा भैसीको जातः

गाई वा भैसीको संख्याः

गाई वा भैसीपालन पद्धतिः

घाँसको किसिमः

छत्रदेव गाउँपालिका

घाँस खेती गरेको वा गरिने क्षेत्रफलः

घाँसको किसिमः

डालेघाँसको किसिम र संख्याः

व्यवसायको लागि श्रमको व्यवस्थापनः

| | | |
|---|---|---|
| क)पारिवारिकः | महिला संख्याः | पुरुष संख्याः |
| ख)बाहिरबाटः | महिला संख्याः | पुरुष संख्याः |
| ग) जम्माः | महिला संख्याः | पुरुष संख्याः |

उत्पादित वस्तुको बजारः

अपेक्षित वार्षिक प्रतिफलः

फार्मको सञ्चालनको तर्फबाट सहि गर्नेकोः

नामः संस्थाको

छापः

पदः मितिः

दस्तखतः

खाँडादेवी गाउँपालिका

## अनुसूची-३(ख)

## युवा लक्षित कार्यक्रम अवधारणाको संक्षिप्त व्यवसायिक कार्ययोजना

१) फार्मको परिचयः

२) उद्देश्यहरुः

३) बाख्रापालन व्यवसायमा अनुभवः

४) व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरणः

५) व्यवसाय संचालनका लागि रहेका पर्वाधारः

६) सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरणः

| क.स | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | निजी लगानी(रु.) | जम्मा लगानी(रु.) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

नोटः सहकार्यमा बाख्रा पालन गर्ने व्यवसायी/फार्म/सहकारी/समुह/समिति ले जम्मा लगानीको न्युनतम पचास प्रतिशत रकम स्वयमले बेहोर्ने गरी प्रस्तावित योजनामा समावेस गर्नुपर्ने छ।

७) उत्पादित वस्तुको वजार योजनाः

खाँडादेवी गाँउपालिका

८) बाख्रापालन गरेको भए, विगत वर्ष देखि बाख्रापालन निरन्तर गरिरहेको?
वर्ष........ महिना......

९) अपेक्षित वार्षिक प्रतिफलः

१०) बाख्रापालन जातहरुः

११) बाख्राको संख्याः माउको संख्याः
पाठापाठीको संख्याः थुमाको संख्याः

१२) डालेघाँस वा घाँस खेती गरेको वा गरिने क्षेत्रफलः

१३) डालेघाँस वा घाँसको किसिमः

१४) प्रस्ताव पेश गर्नेः

१५) फर्मको नामः

१६) ठेगानाः गाउ/टोलः
वडा नः

१७) बाख्रापालन गरिने स्थानः

१८) फार्मको तर्फबाट सहि गर्नेकोः
नामः
सस्थाको छापः
पदः मितिः

खाँडादेवी गाउँपालिका

## अनुसूची-३(ग)

## युवा लक्षित कार्यक्रम अवधारणाको संक्षिप्त व्यवसायिक कार्ययोजना

## युवा लक्षित व्यावसायिक बंगुरपालन कार्यक्रम

कृषकको नामः

सम्पर्क नम्बरः

ठेगानाः वडा नः

गाउँ/टोलः

सञ्चालन गरिने स्थानः

फार्ममा संचालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.स | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग(रु.) | निजि लगानी(रु.) | जम्मा लगानी(रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः सहकार्यमा बाख्रा पालन गर्ने व्यवसायी/फार्म/सहकारी/समुह/समिति ले जम्मा लगानीको न्युनतम

खाँडादेवी गाउँपालिका

पचास प्रतिशत रकम स्वयमले बेहोर्ने गरी प्रस्तावित योजनामा समावेस गर्नुपर्ने छ।

बगुंरको जातः

बगुंरको संख्याः                    माउको संख्याः

प्रजन्न भालेको संख्याः                    पाठापाठिको संख्याः

बगुंर पालनको अवस्थाः क) परम्परागत

ख)सुधारिएको                    ग)आधुनिक

व्यवसायको लागि श्रमको व्यवस्थापनःक) पारिवारिक

ख)बाहिरबाट                    ग)दुवै

उत्पादित वस्तुको बजार योजनाः

अपेक्षित वार्षिक प्रतिफलः

फार्मको तर्फबाट सहि गर्नेः

नामः                    संस्थाको नामः

दस्तखतः                    संस्थाको छापः

मितिः

खाँडादेवी गाउँपालिका

## <u>अनुसूची ४</u>

## <u>सम्झौता पत्रः</u>

खाँडादेवी गाउँपालिका पशुपक्षी सेवा शाखा मार्फत संचालन गरिने आ.व ७७/७८ को स्वीकृत कार्यक्रम **युवा लक्षित कार्यक्रम** संचालन गर्न गाउँपालिका पशुपक्षिं सेवा शाखा(यस भन्दा पछाडी पहिलो पक्ष भनिने),विशिष्टाको आधारमा छनौट भएका कृषक/श्री/सुश्री/श्रीमती ........................................................(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१) यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्रकृतिक प्रकोप तथा अन्य आकस्मिक विपत पहिलो पक्ष जिम्मेवार हुने छैन।

२) दोश्रो पक्षले पशुपालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्ने छ।

३) दोश्रो पक्षले आफ्नो फार्मको गतिविधिको फोटोहरु पहिलो पक्ष समक्ष उपलब्ध गराउनु पर्नेछ।

४) दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुनुपर्ने छ।

| | |
|---|---|
| **<u>पहिलो पक्ष</u>** | **<u>दोश्रो पक्षः</u>** |
| खाडादेवी गा.पा तर्फबाट | उद्यमी वा संस्थाको तर्फबाट |
| नामः | नामः |

खाँडादेवी गाउँपालिका

पदः                                                                 पदः

दस्तखतः                                                          दस्तखतः

मितिः                                                               पान नः

संस्थाको छापः

फार्मको खाता नः

औठा छापः

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०९।२६**
**प्रमाणीकरण मितिः २०७६।१०।१०**

**आज्ञाले,**
**महाप्रसाद दंगाल**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका



मूल्य रू.१०।-